# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ सङ्ख्या : २ मिति : जेठ ५, २०८०

# भाग - २

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

## विपन्न लक्षित धारा जडान सम्बन्धी कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८० बैशाख १९ गते

**प्रस्तावनाः** स्वच्छ खानेपानी सुविधा न्यूनतम आधारभूत मानवीय आवश्यकताको विषय हो, यसै विषयलाई महत्व दिएर नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भनि व्यवस्था रहेको र संयुक्त राष्ट्रसंघले तय गरेका दिगो विकासको लक्ष्यमा सबैका लागि सफा पानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने उद्देश्य लिएको देखिन्छ । स्थानीय सरकारको प्रमुख दायित्वको रुपमा रहेको खानेपानी सुविधा यस नगरपालिकाका विपन्न तथा गरिब परिवारको पहुँचमा पुर्याउने प्रमुख प्राथमिकतामा परेको छ, यसै सन्दर्भमा उर्लाबारी नगरपालिकाका विपन्न तथा गरिब वर्गलाई स्वच्छ खानेपानी तथा सरसफाईको पहुँच पुर्याई निजहरुको मौलिक हकलाई सुनिश्चित गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको अनूसुची-८ मा रहेको स्थानीय तहको अधिकारको खानेपानी सम्बन्धी अधिकार र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ध) बमोजिम उर्लाबारी नगरपालिकाको नगरसभाबाट विनियोजित बजेटबाट विपन्न नागरिकहरुलाई धारा जडान सम्बन्धी कार्यक्रम सञ्चालनका लागि उर्लाबारी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विपन्न लक्षित धारा जडान सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

**परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "कार्यविधि" भन्नाले उर्लाबारी नगरपालिकाको विपन्न लक्षित धारा जडान सम्बन्धी कार्यविधि, २०८० लाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले उर्लाबारी नगर कार्यपालिका सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले उर्लाबारी नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "समिति" भन्नाले दफा ५ बमोजिमको निर्देशन समितिलाई सम्झनु पर्दछ ।

(च) "नगर प्रमुख" भन्नाले उर्लाबारी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) "खानेपानी संस्था" भन्नाले उर्लाबारी नगरपालिकामा सञ्चालित खानेपानी उपभोक्ता तथा सरसफाई संस्था सम्झनु पर्दछ ।

(ज) "विपन्न तथा गरिब" भन्नाले नेपाल सरकार गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ को अनुसूची-१ बमोजिमका सूचकका आधारमा वडा कार्यालयबाट स्थलगत सरजमिन भई सम्बन्धित वडा कार्यालयबाट सिफारिस भएका व्यक्ति वा परिवारलाई सम्झनु पर्दछ ।

(झ) "लक्षित व्यक्ति तथा परिवार" भन्नाले बुँदा नं. (ज) बमोजिमका विपन्न तथा गरिब व्यक्ति वा परिवारलाई सम्झनु पर्दछ ।

(ञ) "लागत साझेदारी" भन्नाले कार्यविधिको दफा ४ बमोजिम उपभोक्ताले व्यहोर्नु पर्ने साझेदारी वापतको रकम सम्झनु पर्दछ ।

## परिच्छेद - २

## कार्यक्रमको उद्देश्य र बजेट व्यवस्थापन

२. **कार्यक्रमको उद्देश्य :** उर्लाबारी नगरपालिकामा स्थायी बसोबास भएका विपन्न तथा गरिब वर्गका घरमा स्वच्छ खानेपानीको पहुँच पुर्याउने लक्ष्यका साथ लक्षित वर्गको समेत अपनत्व कायम गर्न लागत सहभागितामा खानेपानी धारा जडान गर्नु यस कार्यक्रमको उद्देश्य रहने छ ।

३. **बजेट व्यवस्थापन :** (१) यस कार्यक्रम सञ्चालनका लागि देहायको क्षेत्रबाट प्राप्त रकम परिचालन गर्न सकिनेछ ।

(क) नगर सभाबाट पारित भइ विपन्न नागरिकहरुलाई धारा जडान शिर्षकमा विनियोजित रकम ।

(ख) कुनै सघं संस्था, निकाय, व्यक्ति तथा समुदायबाट यस कार्यक्रममा खर्च गर्ने गरी अनुदान वापत प्राप्त रकम ।

(ग) सोही शिर्षक अन्तरगत खर्च गर्ने गरी प्राप्त अन्य रकम ।

## परिच्छेद - ३

## लागत सहभागिता सम्बन्धी व्यवस्था

४. **लागत सहभागिता सम्बन्धी व्यवस्था:** (१) कार्यक्रम कार्यान्वयनका लागि लक्षित वर्गको अपनत्व कायम गर्न देहाय बमोजिमको लागत सहभागिता व्यहोर्नु पर्नेछ ।

(क) धारा जडानका लागि खानेपानी संस्थामा लाग्ने जडान वापत शुल्कको ७५ प्रतिशत रकम नगरपालिकाले व्यहोर्ने छ ।

(ख) धारा जडान वापतको १५ प्रतिशत रकम र लाग्न सक्ने अन्य फुटकर खर्च सम्बन्धित लाभग्राहीले व्यहोर्नु पर्नेछ ।

(ग) धारा जडान वापतको १० प्रतिशत रकम सम्बन्धित खानेपानी संस्थाबाट लागत सहभागिता वापत व्यहोर्नु पर्नेछ ।

(घ) सामुहिकरुपमा २ वा सोभन्दा घरधुरी मिलि धारा जडान गर्न चाहेमा लागत सहभागिता वापतको १५ प्रतिशत रकम व्यहोरी एक स्थानबाट लाभ लिने गरी सामुहिक धारा जडान गर्न सक्नेछन् ।

## परिच्छेद-४

## लाभग्राही छनौट, स्वीकृति र कार्यान्वयन सम्बन्धी व्यवस्था

५. **निर्देशन समितिः** (१) कार्यक्रम कार्यान्वयनका लागि लाभग्राही छनौट, कार्यक्रम सम्बन्धी आवश्यक निर्णय, निर्देशन तथा सल्लाह सुझावका लागि तपसिल बमोजिमको निर्देशक समिति रहनेछ ।

(क) नगर प्रमुख - संयोजक

(ख) उपप्रमुख - सदस्य

(ग) सम्बन्धित वडाका वडाध्यक्ष - सदस्य

(घ) कार्यपालिकाको सामाजिक विकास समितिका संयोजक - सदस्य

(ङ) खानेपानी संस्थाका प्रमुख वा प्रतिनिधि १ जना - सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार अन्य कर्मचारी तथा सम्बन्धित क्षेत्रका विज्ञ व्यक्ति बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वडा कार्यालयबाट सिफारिस भई आएका लाभग्राहीको आवश्यक जाँचबुझ गर्ने ।

(ख) जाँचबुझ गरी लक्षित वर्गका लाभग्राही छनौट गर्ने ।

(ग) छनौट भएका लाभग्राहीहरुको कार्यक्रम सञ्चालनका लागि कार्यालयलाई निर्देशन दिने ।

(घ) कार्यक्रम कार्यान्वयनका क्रममा भएका द्विविधा, विवाद, गुनासो र उजुरीको सुनुवाई गर्ने ।

(ङ) कार्यक्रम कार्यान्वयनको अनुगमन, निरीक्षण गर्ने/गराउने ।

६. **वडास्तरीय अनुगमन समितिः** (१) कार्यक्रम सञ्चालनमा प्रभावकारीता कायम गर्न प्रत्येक वडामा देहाय बमोजिमको वडास्तरीय अनुगमन समिति रहनेछ ।

(क) सम्बन्धित वडाको वडाध्यक्ष - संयोजक

(ख) वडा समितिले तोकेको वडा सदस्य १ जना - सदस्य

(ग) वडा सचिव - सदस्य सचिव

(३) वडास्तरीय अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सम्बन्धित वडाका लाभग्राहीको कार्यक्रम कार्यान्वयनको स्थलगत अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन निर्देशन समिति समक्ष पेश गर्ने ।

(ख) वडामा प्राप्त उजुरी तथा गुनासोलाई निर्देशन समिति समक्ष पेश गर्न सहजिकरण गर्ने ।

७. **कार्यक्रम कार्यान्वयन प्रकृयाः**

(१) सम्बन्धित वडा कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा इच्छुक लाभग्राहीले निवेदन पेश गर्ने ।

(२) प्राप्त निवेदन उपर वडा कार्यालयबाट गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ को अनुसूची-१ बमोजिमका सूचकका आधारमा वडा कार्यालयबाट स्थलगत सरजमिन सहितको सिफारिस निर्देशन समिति समक्ष पेश गर्ने ।

(३) नगरपालिका र खानेपानी संस्थाबीच अनुसूची-२ बमोजिमको समझदारी पत्रमा हस्ताक्षर गर्ने ।

(४) दफा ५ बमोजिमको निर्देशन समितिले जाँचबुझ गरी लक्षित व्यक्ति तथा परिवार छनौट गर्ने ।

(५) छनौट भएका लाभग्राहीको नामावली खानेपानी संस्थालाई उपलब्ध गराउने र सोही आधारमा सम्बन्धित लाभग्राहीबाट निजहरुले व्यहोर्नु पर्ने लागत साझेदारी वापतको १५ प्रतिशत रकम अग्रिम रुपमा खानेपानी संस्थामा जम्मा गर्ने र सोको भौचर वडा कार्यालयमा पेश गर्ने ।

(६) छनौट भएका लाभग्राहीहरुसँग वडा कार्यालयले अनुसूची-३ बमोजिमको लागत सहभागिता व्यहोर्ने प्रतिबद्धता सहितको सम्झौता गर्ने ।

(७) खानेपानी संस्थाबिच भएको समझादारी पत्रको अधिनमा रही सम्झौता भएका लाभग्राहीहरुको लागत सहभागिता वापत नगरपालिकाले व्यहोर्नु पर्ने ७५ प्रतिशत रकम खानेपानी संस्थामा जम्मा गर्ने ।

(८) प्रत्येक लाभग्राहीको धारा जडान सम्पन्न भए पश्चात खानेपानी संस्थाबाट सम्पन्न प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनका आधारमा सम्बन्धित शाखाले अभिलेख राख्नु पर्नेछ ।

८. <u>भुक्तानी प्रकृयाः</u>

(१) धारा जडान वापतको भुक्तानी प्रकृया दफा ७ बमोजिम हुनेछ ।

(२) खानेपानी महसुल वापतको रकम तिर्ने दायित्व सम्बन्धित उपभोक्ताकै हुनेछ ।

(३) विपन्न तथा गरिब वर्गलाई स्वच्छ खानेपानीमा पहुँच पुर्याउन, खानेपानी चुहावट तथा अनावश्यक प्रयोगलाई नियन्त्रण गर्न नगरपालिकाले आवश्यक ठानेमा न्यूनतम युनिट खपत गर्ने उपभोक्ताहरुको महशुलमा अनुदान दिन सक्नेछ ।

## परिच्छेद - ५

## विविध

९. **समीक्षा एवं प्रगती प्रतिवेदनः** निर्देशन समितिले यस कार्यक्रमको वार्षिक रुपमा समीक्षा गरी कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१०. **संशोधनः** यस कार्यविधिमा संशोधन गर्नुपर्ने भएमा निर्देशन समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

११. **बाधा अडकाउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध आएमा समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

# अनुसूची-१

## कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्बन्धित

## निवेदन

श्रीमान् वडा अध्यक्षज्यू,
.......... नं. वडा कार्यालय,
उर्लाबारी नगरपालिका ।

**विषयः लागत साझेदारीमा धारा जडान गरि पाउँ भन्ने बारे ।**

महोदय,

प्रस्तुत सम्बन्धमा उर्लाबारी नगरपालिका वडा नं. ............... मा स्थायी बसोबास गर्ने म/हामी .................................................................................. को पारिवारिक आर्थिक अवस्था कमजोर रहेको र मेरो/हाम्रो घरमा हालसम्म खानेपानी धारा जडान नभएको हुँदा उर्लाबारी नगरपालिकाको विपन्न लक्षित धारा जडान सम्बन्धी कार्यविधि, २०८० बमोजिमको उपभोक्ताले व्यहोर्नु पर्ने लागत सहभागिता वापतको रकम म/हामी आफै / हामी तपसिलका व्यक्तिहरुले व्यहोर्ने प्रतिबद्धता गर्दै उक्त कार्यक्रममा समावेश गर्नका लागि सिफारिस गरि दिन हुन अनुरोध गर्दछु / गर्दछौं ।

मैले / हामीले पेश गरेको विवरण सही साँचो हो, झुटा र गलत ठहर भएमा कानून बमोजिम सहन, भोग्न तयार छु/छौं ।

**निवेदक**

नाम, थरः

ठेगानाः

हस्ताक्षरः

सम्पर्क नं.

<u>संलग्न कागजातहरुः</u>

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

२. यस नगरपालिमा स्थायी बसोबास खुल्ने कागजात ।

## अनुसूची-२

## कार्यविधिको दफा ७ को उपदफा (३) सँग सम्बन्धित

## समझदारी पत्र

उर्लाबारी नगरपालिका मोरङको कार्यालय (जसलाई यस पछि पहिलो पक्ष भनिने छ) र ...................................... खानेपानी उपभोक्ता तथा सरसफाई संस्था, ...................... (जसलाई यस पछि दोश्रो पक्ष भनिनेछ) बीच उर्लाबारी नगरपालिकाको नगरसभाबाट विनियोजित ........................................................................................... योजना संचालनका लागि स्वीकृत बजेट शिर्षकको कार्यक्रम संचालनका लागि देहायका शर्तहरु पालना गर्ने, गराउने गरी पहिलो पक्षको कार्यालयमा बसी यो सम्झौता पत्र तयार गरी सम्झौतामा दुवै पक्षले सही छाप गरी एक/एक प्रति लियौं, दियौं ।

१. यो सम्झौता आर्थिक वर्ष ............................ को स्वीकृत बजेट ............................................................ अन्तर्गतको योजना संचालनका लागि लागू हुनेछ ।

२. धारा जडान खर्चको १५ प्रतिशतले हुन जाने रकम रु ............................................ दोस्रो पक्षले धारा जडान गर्ने सम्बन्धित ग्राहक (उपभोक्ता) मार्फत प्राप्त गर्नेछ । धारा जडानको क्रममा अन्य फुटकर खर्च लाग्ने भएमा सम्बन्धित खानेपानी ग्राहक मार्फत दोस्रो पक्षले उक्त रकम लिन सक्नेछ ।

३. उर्लाबारी नगरपालिकाले सिफारिस गरेका विपन्न नागरिक/परिवारलाई प्रति घर धारा जडान लागत खर्च ...............................मध्ये नगरपालिकाको

लागत साझेदारी वापत ७५ प्रतिशत रकम रु. ........................................ पहिलो पक्षले दोस्रो पक्षलाई भुक्तानी गर्नेछ ।

४. धारा जडान खर्चको १० प्रतिशतले हुन जाने रकम रु .............................................. दोस्रो पक्षले व्यहोर्ने छ ।

५. उर्लाबारी नगरपालिका कार्यालयको प्रत्यक्ष सुपरिवेक्षण तथा समन्वयमा रही कार्यक्रम संचालन गर्नु पर्नेछ ।

६. आवश्यक कागजात र प्रकृया नपुर्‍याई संचालन गरिएको कार्यक्रममा पहिलो पक्ष भुक्तानी दिन बाध्य हुने छैन ।

७. खानेपानी खपतको महशुल शुल्क सम्बन्धित उपभोक्ताले व्यहोर्ने छ ।

८. योजना संचालनका क्रममा कुनै द्विविधा तथा असमझदारी भएमा पहिलो र दोस्रो पक्षको छलफलबाट समस्याको समाधान गर्न सकिनेछ ।

९. माथिका शर्तहरु दुवै पक्षका लागी मान्य हुनेछन् ।

१०. उपरोक्त अनुसार गर्न गराउन हामी दुवै पक्ष सहमत भई यो करार सम्झौता-पत्रमा सही छाप गरी लियौं/दियौं।

| | |
|---|---|
| **दोश्रो पक्ष** | **पहिलो पक्ष** |
| सहीः | सहीः |
| नाम, थरः | नाम,थरः |
| पदः | पदः |
| कार्यालयः............................... खानेपानी उपभोक्ता तथा सरसफाई संस्था | कार्यालयःउर्लाबारी नगरपालिकाको कार्यालय |
| मितिः- | मितिः- |

## अनुसूची-३

## कार्यविधिको दफा ७ को उपदफा (६) सँग सम्बन्धित

## सम्झौता-पत्र

उर्लाबारी नगरपालिका, ......... नं. वडा कार्यालय, मोरङ (जसलाई यस पछि पहिलो पक्ष भनिनेछ) र उर्लाबारी नगरपालिका वडा नं. ..................... स्थायी ठेगाना भएका वर्ष.............का श्री.................................................................................................... (जसलाई यस पछि दोश्रो पक्ष भनिनेछ) बीच उर्लाबारी नगरपालिकाको नगरसभाबाट स्वीकृत............................................................................. योजना संचालनका लागि देहायका शर्तहरु पालना गर्ने, गराउने गरी पहिलो पक्षको कार्यालयमा बसी यो सम्झौता पत्र तयार गरी सम्झौतामा दुवै पक्षले सही छाप गरी एक/एक प्रति लियौं, दियौं ।

१. यो सम्झौता आर्थिक वर्ष ..................... को स्वीकृत बजेट ...................................अन्तर्गतको योजना संचालनका लागि लागू हुनेछ ।

२. धारा जडान खर्चको १५ प्रतिशतले हुन जाने रकम रु ................................. दोस्रो पक्षले व्यहोर्नु पर्नेछ । धारा जडानको क्रममा अन्य फुटकर खर्च लाग्ने भएमा समेत दोस्रो पक्षले व्यहोर्नु पर्नेछ ।

३. उर्लाबारी नगरपालिकाले सिफारिस गरेका विपन्न नागरिक/परिवारलाई प्रति घर धारा जडान लागत खर्च.........मध्ये लागत साझेदारी वापत ७५ प्रतिशत रकम रु..... पहिलो पक्षले खानेपानी संस्थालाई भुक्तानी गर्नेछ ।

४. धारा जडान खर्चको १० प्रतिशतले हुन जाने रकम रु ........................ खानेपानी संस्थाले व्यहोर्ने छ ।

५. उर्लाबारी नगरपालिका कार्यालयको प्रत्यक्ष सुपरिवेक्षण तथा समन्वयमा रही कार्यक्रम संचालन गर्नु पर्नेछ ।

६. योजना संचालनका क्रममा कुनै दुविधा तथा असमझदारी भएमा पहिलो र दोस्रो पक्षको छलफलबाट समस्याको समाधान गर्न सकिनेछ । अन्तिम निर्णयको अधिकार पहिलो पक्षलाई हुनेछ ।

७. खानेपानी खपतको महशुल शुल्क दोस्रो पक्षले व्यहोर्ने छ ।

८. माथिका शर्तहरु दुवै पक्षका लागी मान्य हुनेछन् ।

९. उपरोक्त अनुसार गर्न गराउन हामी दुवै पक्ष सहमत भई यो करार सम्झौता-पत्रमा सही छाप गरी लियौं/दियौं।

**दोश्रो पक्ष**
सहीः
नाम, थरः
ठेगानाः

मितिः-

**पहिलो पक्ष**
सहीः
नाम,थरः
पदः
कार्यालयः नं. वडा कार्यालय, उर्लाबारी नगरपालिका
मितिः-

**आज्ञाले,**
**मुरारी प्रसाद घिमिरे**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

*मूल्य रु. १०।-*